बैठक संख्या: ५२

आज मिति २०८२/०५/३१ गते मंगलबारका दिन त्रियुगा नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार बस्नेतज्यूको अध्यक्षतामा तपसिल बमोजिमका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको ५२ औं बैठक बसी देहाय बमोजिमको निर्णय गरियो।

उपस्थिति

| सि.न. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बसन्त कुमार बस्नेत | नगर प्रमुख | |
| २ | श्री महेश्वरी राई | नगर उपप्रमुख | |
| ३ | श्री राज कुमार खड्का | सदस्य सचिव | |
| | | कार्यपालिका सदस्यहरू | |
| ४ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री धमान सिह खत्री | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री तिलक बहादुर कटुवाल | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री बद्री बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उद्धव कुमार थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री योगेन्द्र बहादुर दाहाल | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री अमर बहादुर दनुवार | वडा अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री राज कुमार राउत | वडा अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री राज कुमार दनुवार | वडा अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री किरण पाण्डे | वडा अध्यक्ष वडा नं. १० | |
| १४ | श्री सुमन्त कोइराला | वडा अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री नविन कुमार वान्तवा राई | वडा अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री नविन कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री हिम राज मगर | वडा अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री गणेश प्रसाद तिम्सीना | वडा अध्यक्ष वडा नं. १५ | |
| १९ | श्री मान बहादुर राई | वडा अध्यक्ष वडा नं. १६ | |
| २० | श्री बिमल राई | कार्यपालिका सदस्य | |
| २१ | श्री डिल्ली सेर राई | कार्यपालिका सदस्य | |
| २२ | श्री बलदेब बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| २३ | श्री गीता कुमारी उप्रेती | कार्यपालिका सदस्य | |
| २४ | श्री रेखा थापा मगर | कार्यपालिका सदस्य | |
| २५ | श्री रेणुका श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २६ | श्री सुनिता गजमेर | कार्यपालिका सदस्य | |
| २७ | श्री कुन्ती परियार | कार्यपालिका सदस्य | |
| | | सहयोगी कर्मचारी | |
| १. | जनक प्रसाद ढुंगाना | अधिकृतस्तर सातौं | |

Scanned with CamScanner

त्रियुगा नगर कार्यपालिकाको ५२ औं बैठकको कार्यसूची तथा एजेण्डाहरू

१. शोक प्रस्ताव सम्बन्धमा।
२. खेद व्यक्त गर्ने सम्बन्धमा।
३. शोक बिदा सम्बन्धमा।
४. राजश्व छुटसहित एम्बुलेन्स खरिदको लागि सिफारिस गर्ने।
५. लुटपाट, आगजनी तथा तोडफोडका घटनामा संलग्न कर्मचारीलाई कारवाही गर्ने सम्बन्धमा।
६. नगरपालिकाको सरकारी, निजी तथा संघ-संस्थाहरूको सम्पत्तिको क्षति विवरण अनुमोदन सम्बन्धमा।
७. विविध

विविध १

लुटपाट, आगजनी र तोडफोड भएको सीसीटिभी फुटेज माग गर्नको लागि पत्रचार गर्ने सम्बन्धमा।

विविध २

कालिगढ र मजदुरहरूको व्यक्तिगत विवरण नगर कार्यपालिकाको कार्यालयमा बुझाउन निर्देशन दिने सम्बन्धमा।

विविध ३

टोल सुरक्षा समिति गठन गर्न निर्देशन दिने सम्बन्धमा।

विविध ४

आवश्यक सामाग्रीहरू खरिद गर्ने सम्बन्धमा

विविध ५

वडा नं. ३ को बजेट सिलिङबाट कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा

कार्यपालिकाको मिति २०८२/०५/३१ गतेको बैठकको निर्णय प्रमाणित।

Scanned with CamScanner

निर्णय नं. ८३०
मिति २०८२ भदौ २३ र २४ गते जेन-जेड पुस्ताका युवाहरूको देशव्यापीरूपमा प्रदर्शनको क्रममा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण व्यक्तिहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गर्ने र आन्दोलनको क्रममा घाइते हुनुभएका सम्पूर्ण व्यक्तिहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने।

निर्णय नं. ८३१
जेन- जेड पुस्ताका युवाहरूको आन्दोलनमा अवाञ्छित तत्व घुसपैठ भई त्रियुगा नगरपालिका लगायत प्रदेश सभा, कोशीका उपसभामुख माननीय श्री सृजना दनुवार, नगर प्रमुख श्री बसन्त कुमार बस्नेत, नगर उपप्रमुख श्री महेश्वरी राई, वडा अध्यक्ष श्री सुमन्त कोइराला, पूर्व नगर प्रमुख श्री बलदेव चौधरी, आभासा अभियान्ताका अध्यक्ष श्री नजबुल खानको मोटरसाईकल, तुलसी मार्टको सामानहरू र बिपी चोकको बिपी शालिक तोडफोड, टंक बहादुर राउतको घर, एकीकृत समाजवादी, नेपाली काङ्ग्रेस, नेकपा एमाले, माओवादी केन्द्र र राप्रपा पार्टी कार्यालयहरू साथै त्रियुगा नगरपालिकाभित्र क्रियाशिल विभिन्न सामाजिक संघ संस्थाहरूको कार्यालयहरूमा लुटपाट, आगजनी जस्ता अपराधिक क्रियाकलापहरूमा घुसपैठ गर्ने गराउने व्यक्तिहरूप्रति खेद व्यक्त गर्ने। साथै, उक्त क्रियाकलापहरूलाई सही रूपमा पहिचान गरी कानूनी कारवाही गर्नको लागि प्रतिबद्धता व्यक्त गर्दै सम्बन्धित निकायसँग जोडदार माग गर्ने।

निर्णय नं. ८३२

जेन-जेड पुस्ताका युवाहरूको आन्दोलनका क्रममा साहदत प्राप्त गर्नुहुने सम्पूर्ण व्यक्तिहरूको सम्मानमा मिति २०८२ असोज १ गते त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र मातहतका वडा कार्यालयहरू (आकस्मिक स्वास्थ्य सेवा) र संस्थागत तथा सामुदायिक विद्यालयहरूमा एक दिन शोक बिदा दिने निर्णय गरियो। र मिति २०८२ असोज २ गतेदेखि नगर कार्यपालिका र मातहतका कार्यालयहरूबाट सार्वजनिक सेवा प्रवाह सुचारू गर्ने।

निर्णय नं. ८३३
श्री विजयदिप क्लिनिक प्रा.लि., त्रियुगा नगरपालिका-११, गाईघाटको चलानी नं. १५, मिति २०८२/०५/३१ गतेको राजश्व छुट सहित एम्बुलेन्स खरिदका लागि सिफारिस पाउँ भन्ने पत्र प्राप्त भए अनुसार त्रियुगा नगरपालिकाको जनघनत्व र बिरामीको चापलाई मध्यनजर गर्दै सम्बन्धित निकायहरूलाई राजश्व छुट सहित एम्बुलेन्स खरिदका लागि सिफारिस गर्न कार्यालयलाई निर्देशन दिने।

निर्णय नं. ८३४
२०८२ भदौ २३ र २४ गते भएको जेन-जेडको आन्दोलनमा घुसपैठ गरी लुटपाट, आगजनी, तोडफोडजस्ता जघन्य अपराधमा त्रियुगा नगरपालिका वा मातहतका कार्यालयहरूका कुनै पनि तह वा पदको कर्मचारीको संलग्नता भएको सीसीटिभी फुटेज , फोटो, श्रव्य-दृश्य वा दुवै प्रमाणहरूबाट पुष्टि भएमा वा कुनै न्यायिक निकायबाट अनुसन्धान भई कारवाहीस्वरूप सेवाबाट हटाउन लेखी आएमा ती कर्मचारीहरूलाई सेवाबाट बर्खास्त गर्ने। साथै, अन्य कार्यालयको कर्मचारीको हकमा जिल्ला प्रशासन कार्यालय, उदयपुरलाई लेखि पठाउने।

Scanned with CamScanner

नगरपालिकाको हार्ड डिस्क लगायतको चोरी पत्ता लगाउन त्रियुगा नगरपालिकाका कर्मचारीको समेत सहयोग माग गर्ने। त्रियुगा नगरपालिकाकले मिति २०८२/०५/३० गते राखेको सर्वदलीय तथा सर्वपक्षीय बैठकको निर्णय समेतको आधारमा कानूनी छानविन्मा सहयोग गरी दोषीलाई कारवाहीको दायरामा ल्याउनको लागि सर्वसाधारणबाट दसी प्रमाणसहितको जाहेरी अनुसन्धान गर्ने कार्यालयहरू वा नगरपालिकाको न्यायिक समितिमा समेत पेश गर्नको लागि सार्वजनिक सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने।

निर्णय नं. ८३५

जेन-जेड युवाहरूको आन्दोलनको क्रममा त्रियुगा नगरपालिका क्षेत्रभित्रका सरकारी, निजी तथा सम्पत्तिहरूमा भएको तोडफोड तथा आगजनीको क्रममा तपसिल बमोजिमको क्षति विवरण अनुमोदन गर्नेः-

| सरकारी सम्पत्तितर्फ | | | | |
|---|---|---|---|---|
| क्र.स. | कार्यालयको नाम | ठेगाना | अनुमानित क्षति (रू.मा) | कैफियत |
| १. | त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय | गाईघाट, उदयपुर | एक करोड | |
| २. | वडा नं. ११ को कार्यालय | त्रि.न.पा.-११ | नेपाल प्रहरीको मुचुल्कामा उल्लेख भए अनुसार | |
| ३. | वडा नं. १२ को कार्यालय | त्रि.न.पा.-१२ | नेपाल प्रहरीको मुचुल्कामा उल्लेख भए अनुसार | |
| निजी सम्पत्तितर्फ | | | | |
| ४. | माननीय श्री सृजना दनुवार, उपसभामुख, प्रदेश सभा, कोशी प्रदेश | त्रि.न.पा.-१० | नेपाल प्रहरीको मुचुल्कामा उल्लेख भए अनुसार | |
| ५. | श्री वसन्त कुमार वस्नेत, नगर प्रमुख, त्रियुगा नगरपालिका | त्रि.न.पा.- ११ | नेपाल प्रहरीको मुचुल्कामा उल्लेख भए अनुसार | |
| ६. | श्री महेश्वरी राई, उपप्रमुख, त्रियुगा नगरपालिका | त्रि.न.पा.- ११ | नेपाल प्रहरीको मुचुल्कामा उल्लेख भए अनुसार | |
| ७. | श्री बलदेव चौधरी, पूर्व नगर प्रमुख, त्रियुगा नगरपालिका | त्रि.न.पा.- ११ | नेपाल प्रहरीको मुचुल्कामा उल्लेख भए अनुसार | |
| ८. | श्री सुमन्त कोइराला, वडा अध्यक्ष, त्रि.न.पा.-११ | त्रि.न.पा.- ११ | नेपाल, प्रहरीको मुचुल्कामा उल्लेख भए अनुसार | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ९. | श्री नजवुल खान, आभासा अभियान्ता | त्रि.न.पा.-५ | नेपाल प्रहरीको मुचुल्कामा उल्लेख भए अनुसार | |
| १०. | तुलसी मार्ट | त्रि.न.पा.-११ | नेपाल प्रहरीको मुचुल्कामा उल्लेख भए अनुसार | |
| ११. | श्री टंक बहादुर राउतको घर | त्रि.न.पा.- | नेपाल प्रहरीको मुचुल्कामा उल्लेख भए अनुसार | |
| | राजनीतिक पार्टी कार्यालयतर्फ | | | |
| १२. | नेपाली कांग्रेस | त्रि.न.पा.-११ | नेपाल प्रहरीको मुचुल्कामा उल्लेख भए अनुसार | |
| १३. | नेकपा एमाले | त्रि.न.पा.-१२ | नेपाल प्रहरीको मुचुल्कामा उल्लेख भए अनुसार | |
| १४. | माओवादी केन्द्र | त्रि.न.पा.-३ | नेपाल प्रहरीको मुचुल्कामा उल्लेख भए अनुसार | |
| १५. | एकीकृत समाजवादी | त्रि.न.पा.- | नेपाल प्रहरीको मुचुल्कामा उल्लेख भए अनुसार | |
| १६. | राष्ट्रिय प्रजातन्त्र पार्टी | त्रि.न.पा.-१० | नेपाल प्रहरीको मुचुल्कामा उल्लेख भए अनुसार | |

त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको पुरानो र नयाँ प्रशासनिक भवनमा भएको क्षति विवरण मुचुल्का देहाय बमोजिम रहेको छः

कार्यपालिकाको मिति २०८२/०५/२९ गतेको बैठकको निर्णय [illegible]

Scanned with CamScanner

मुचुल्का

मितिः २०८२।०५।३०

लिखितम् यस त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, उदयपुरमा मिति २०८२ भाद्र २४ गते Gen-Z को आन्दोलनमा अवाञ्छित तत्व घुसपैठ भई यस कार्यालयमा भएको तोडफोड र आगजनीबाट क्षति भएको सामानको विवरण निम्नानुसारको रहेको व्यहोरा सही छ भनि हामी तपशिलमा रहेका जनप्रतिनिधि तथा कर्मचारीहरूले सहिछाप गरिदियौं ।

तपशिल

| सि.न. | सामानको नाम | विवरण | इकाई | परिमाण | आगजनी | चोरी | तोडफोड | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | कार्यालयका सम्पूर्ण आल्मुनियम झ्याल तथा ढोका फुटेको | | | | | | | |
| २. | कार्यालयका सम्पूर्ण झ्यालको सिसा तथा अन्य आल्मुनियममा भएको सिसा फुटेको | | | | | | | |
| ३. | नगर प्रमुख निजि सचिवालय सम्पूर्ण आल्मुनियम तथा झ्यालको सिसा फुटेको | | | | | | | |
| ४. | कागजात (राजस्व शाखा, प्रशासन शाखा, न्यायिक समिति, बेरूजु, जिन्सि तथा अन्य शाखाका अधिकांश कागजात) | | | | | | | जलेर नष्ट भएको |
| ५. | रिभल्विङ्ग चियर | | थान | २० | १५ | - | ५ | पूर्ण रूपमा नष्ट भएको |
| ६. | दराज | स्टिलको | थान | ६ | ३ | - | ३ | " " |
| ७. | ओपन र्याक | स्टिलको | थान | ४ | - | - | ४ | " " |
| ८. | टेवल | काठको | थान | ७ | ५ | - | २ | पूर्ण रूपमा नष्ट भएको |
| ९. | टेवल | स्टिलको | थान | १५ | १५ | - | - | " " |
| १०. | टेलिभिजन | ५५ इन्च | थान | १ | - | - | १ | पूर्ण रूपमा नष्ट भएको |
| ११. | डेक्सटप कम्प्युटर | | थान | १८ | ९ | ३ | ६ | " " |
| १२. | प्रिन्टर | Cannon, Brother | थान | १६ | १२ | - | ४ | " " |
| १३. | एयरकन्डिस्नर | | थान | ६ | | | ६ | पूर्ण रूपमा |

| सि.न. | सामानको नाम | विवरण | इकाई | परिमाण | आगजनी | चोरी | तोडफोड | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | नष्ट भएको |
| १४. | सोफा सेट | | सेट | ३ | - | - | ३ | पूर्ण रूपमा नष्ट भएको |
| १५. | टि-टेबल | काठको | थान | १ | - | - | १ | पूर्ण रूपमा नष्ट भएको |
| १६. | काठको कुर्सी | | थान | ४ | - | - | ४ | पूर्ण रूपमा नष्ट भएको |
| १७. | बेसिन | | थान | १ | - | - | १ | |
| १८. | युपिस | | थान | ५ | ५ | - | - | |
| १९. | मनिटर LED | | थान | ५ | ३ | - | २ | पूर्ण रूपमा नष्ट भएको |
| २०. | बुककेश | स्टिलको | थान | १ | - | - | १ | पूर्ण रूपमा नष्ट भएको |
| २१. | ल्यापटप | Dell, HP, Acer | थान | ११ | ११ | | | " " |
| २२. | स्टेबलाइजर | | थान | २ | २ | | | " " |
| २३. | स्टेन फेन | | थान | १० | १० | - | - | " " |
| २४. | सिलिङ्ग फेन | | थान | ५ | - | - | ५ | पूर्ण रूपमा नष्ट भएको |
| २५. | इजलास टेवल | काठको | सेट | १ | - | - | १ | सामान्य क्षेती |
| २६. | प्लास्टिक कुर्सी | | थान | ३० | २० | - | १० | पूर्ण रूपमा |

| सि.न. | सामानको नाम | विवरण | इकाई | परिमाण | आगजनी | चोरी | तोडफोड | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | नष्ट भएको |
| २७. | भिजिटिङ्ग चियर | | थान | २० | १४ | - | ६ | पूर्ण रूपमा नष्ट भएको |
| २८. | टेलिफोन सेट | | थान | १ | १ | - | - | " " |
| २९. | ह्वील चियर | | थान | ३ | ३ | - | - | " " |
| ३०. | स्टिल कुर्सी | ३ सिटे | थान | ६ | ६ | - | - | " " |
| ३१. | फोगिङ्ग मेसिन | | थान | १ | १ | | | " " |
| ३२. | पानी टयाङ्की | | थान | १ | १ | | | " " |
| ३३. | मोटरसाइकल | स १ ब ९०६ | थान | १ | १ | | | " " |
| ३४. | सोलार प्यानल | | थान | ६ | ६ | | | " " |
| ३५. | क्रपकटिङ्ग मेसिन | | थान | १ | - | - | १ | सामान्य क्षेति |
| ३६. | मोपेड | | थान | १ | १ | - | | |
| ३७. | ट्राइसाइकल Electric | | थान | १ | १ | | | |
| ३८. | साइकल | | थान | ३ | ३ | | | |
| ३९. | पावर हिव्लि चियर | | थान | १ | १ | | | |
| ४०. | स्क्यानर | | थान | ५ | ५ | | | |
| ४१. | माउस | | थान | १० | १० | | | |
| ४२. | किबोर्ड | | थान | १० | १० | | | |
| ४३. | इलेक्ट्रिक जग | | थान | ५ | २ | | ३ | पूर्ण रूपमा नष्ट भएको |
| ४४. | फोटोकापी पेपर | | काटुन | ५ | ५ | | | " " |
| ४५. | रेकर्ड फायल | | थान | १०० | १०० | | | " " |
| ४६. | पुस्तक/किताव | न्यायिक समिति+बजेट किताव, | थान | १००० | १००० | | | " " |

| सि.न. | सामानको नाम | विवरण | इकाई | परिमाण | आगजनी | चोरी | तोडफोड | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | महाविरपुन किताव | | | | | | |
| ४७. | लाइफ ज्याकेट | | थान | ५ | ५ | | | " " |
| ४८. | नाइलन डोरी | | थान | ५ | ५ | | | " " |
| ४९. | त्रिपाल | | थान | १० | १० | | | " " |
| ५०. | बेल्चा | | थान | १० | | १० | | " " |
| ५१. | टायर | | थान | ३ | ३ | | | " " |
| ५२. | अटो ढोका | | थान | ३ | २ | | १ | " " |
| ५३. | कार्पेट | | मिटर | ३० | ३० | | | " " |
| ५४. | सिसिक्यामरा | | थान | ७ | ७ | | | " " |
| ५५. | Biomatrix | | थान | २ | १ | | १ | " " |
| ५६. | हार्डसिक्स सर्वर रूम | | सेट | ३ | - | ३ | | " " |
| ५७. | नेटवर्क स्वीच | | थान | ७ | | ७ | | पूर्ण रूपमा नष्ट भएको |
| ५८. | नेटवर्क राउटर | | थान | ३ | | ३ | | पूर्ण रूपमा नष्ट भएको |
| ५९. | डिजिटल बोर्ड | | थान | १ | | १ | | पूर्ण रूपमा नष्ट भएको |
| ६०. | मुढा ठुलो | | थान | २ | २ | - | - | " " |
| ६१. | स्पिकर | | थान | २ | २ | - | - | " " |
| ६२. | टेबल प्लस्टिकको | | थान | २ | २ | - | - | " " |
| ६३. | स्तनपान कक्षको (तन्ना, सिरक, डसना, बच्चाको खेलौना, चकटी) जलेर नष्ट भएको | | | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 6 | W3 (1.2*1.35 m) | Nos. | 1 | Second Floor | Main Building Front |
| 7 | W2 (1.8*1.35 m) | Nos. | 3 | Ground Floor | Main Building Backside |
| 8 | W2 (1.8*1.35 m) | Nos. | 3 | Ground Floor | Main Building Front |
| 9 | W2 (1.8*1.35 m) | Nos. | 5 | First Floor | Main Building Front |
| 10 | W2 (1.8*1.35 m) | Nos. | 4 | Second Floor | Main Building Front |
| 11 | V1 (1.5*0.45 m) | Nos. | 1 | Ground Floor | Main Building South Side |
| 12 | V1 (1.5*0.45 m) | Nos. | 1 | First Floor | Main Building South Side |
| 13 | V3 (0.6*0.45 m) | Nos. | 2 | Ground Floor | Main Building South Side |
| 14 | W4 (1.5*1.35 m) | Nos. | 4 | - | Security Building |
| 15 | V4 (0.9*0.45 m) | Nos. | 2 | - | Security Building |
| 16 | Passage Aluminium Glazing with 5mm thick colour glass (2.45 x 10.10 m) | Nos. | 1 | All Floors | Main Building South Side |
| 17 | Staircase backside Aluminium Glazing with 5mm thick colour glass (4.5 x 6.40 m) | Nos. | 1 | Ground & Second Floor | Main Building Backside |
| 18 | W (1.2*1.35 m) | Nos. | 4 | - | Bamboo House |

Scanned with CamScanner

मिति २०८२/०५/२४ गते भएको आन्दोलनमा त्रियुगा नगरपालिकाको नव निर्मित प्रशासनिक भवनमा भएको क्षतिको विवरण

| S.N. | Item Description | Unit | Quantity | Floor | Remarks |
|---|---|---|---|---|---|
| 1 | Basin (50 x 40 Cm) | Set | 1 | Ground Floor (Disabled Toilet) | Main Building |
| 2 | Basin (50 x 40 Cm) | Set | 1 | Toilet | Security Building |
| 3 | 5 Kg Fire Extinguisher | Set | 4 | Ground Floor | Main Building |
| 4 | Lift Telephone | Set | 1 | Ground Floor | Main Building |
| 5 | CCTV Bullet Type Indoor | Set | 1 | First Floor | Main Building |
| 6 | CCTV Bullet/Dome Type Outdoor | Set | 1 | Ground Floor | Main Building South Side |
| 7 | CCTV Bullet/Dome Type Outdoor | Set | 4 | - | Security Building |
| 8 | Weather Proof Bulk Head Light | Set | 1 | Ground Floor | Main Building South Side |
| 9 | Weather Proof Bulk Head Light | Set | 3 | - | Security Building |
| 10 | Weather Proof Bulk Head Light | Set | 2 | - | Gate |
| 11 | AC Outdoor Unit | Set | 1 | Ground Floor | Main Building South Side |
| 12 | AC Outdoor Unit | Set | 1 | Ground Floor | Main Building Front |
| 13 | AC Outdoor Unit | Set | 1 | First Floor | Main Building Front |
| 14 | Ceiling Fan 42" | Set | 1 | Waiting Room | Security Building |
| 15 | LED Bulb 18 Watt with Holder | Set | 1 | Waiting Room | Security Building |
| 16 | 2 gang 1 way switch | Set | 1 | Toilet | Security Building |
| 17 | LED Bulb 18 Watt | Set | 1 | Toilet | Security Building |
| 18 | Porcelain clay white glazed 530 mm size Orissa Pan | Set | 2 | Toilet | Security Building |
| 19 | 10 Lit. flushing cistern | Set | 2 | Toilet | Security Building |
| 20 | C.P. Bibcock 15mm dia long neck type | Set | 2 | Toilet | Security Building |
| 21 | UPVC Pipe 110 mm | Meter | 2 | Toilet | Security Building |
| | **5 mm thick Tinted Float Glass of Windows & Ventillation** | | | | |
| 1 | W3 (1.2*1.35 m) | Nos. | 3 | Ground Floor | Main Building Inside |
| 2 | W3 (1.2*1.35 m) | Nos. | 2 | Ground Floor | Main Building South Side |
| 3 | W3 (1.2*1.35 m) | Nos. | 1 | First Floor | Main Building South Side |
| 4 | W3 (1.2*1.35 m) | Nos. | 3 | Ground Floor | Main Building Front |
| 5 | W3 (1.2*1.35 m) | Nos. | 3 | First Floor | Main Building Front |

Scanned with CamScanner

विविध १

सीसीटिभी जडान गरेका त्रियुगा नगरपालिकास्थित वित्तीय संस्थाहरू (बैंक, सहकारी संस्था, लघुवित्त, आदि) र अन्य निकायहरूसँग २०८२ भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा लुटपाट, आगजनी र तोडफोड भएको सीसीटिभी फुटेज माग गर्नको लागि पत्रचार गर्न कार्यालयलाई निर्देशन दिने।

विविध २

त्रियुगा नगरपालिकाभित्र सञ्चालनमा रहेका गरगहना वा धातुजन्य पसल, कवाडी मालसामान संकलन-भण्डारणसँग सम्बन्धित व्यवसाय र अन्य सम्बन्धित व्यवसायमा कामदारकोरूपमा काम गर्ने कालिगढ वा मजदुरहरूको व्यक्तिगत विवरण संकलन गरी त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा यथाशीघ्र बुझाउन निर्देशन दिने।

विविध ३

मिति २०८२ भदौ ३० गते बसेको त्रियुगा नगरपालिकाभित्रका सक्रिय राजनीतिक दलहरूका नेता वा प्रतिनिधि, सामाजिक संघ संस्थाका प्रतिनिधि, मानव अधिकारसँग सम्बन्धित निकायका प्रतिनिधि र सञ्चारकर्मीहरूसहितको सर्वदलीय तथा सर्वपक्षीय बैठकले त्रियुगा नगरपालिकास्थित सम्पूर्ण टोल विकास संस्थाहरूलाई आ-आफ्नो टोलको सुरक्षा प्रत्याभूत गर्न र कुनै त्यस्तो अवाञ्छित गतिविधि घटाएको वा घटना हुने सम्भावना भएको जानकारी यस नगरपालिकाका सबै वडाहरूमार्फत सम्बन्धित निकायमा जानकारी गराउने भन्ने निर्णय समेतको आधारमा त्रियुगा नगरपालिकामा सक्रिय प्रत्येक टोल विकास समितिलाई यथाशीघ्र टोल सुरक्षा समिति गठन गरी सोको जानकारी नगरपालिकामा पठाउन निर्देशन दिने।

विविध ४

जेन-जेड पुस्ताका युवाहरूले गरेको आन्दोलनका क्रममा घुसपैठ भई त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ११ नं. वडाको कार्यालय, १२ नं. वडाको कार्यालयमा आगजनी, लुटपाट तथा तोडफोड भई नष्ट भएका कार्यालय सञ्चालनका सामानहरू (कम्प्युटर, ल्यापटप, प्रिन्टर, कुर्सी, टेवल, दराज लगायत) झ्यालका सिसाहरू, ढोका, सवारी साधन, मेशनरी औजार, मसलन्द तथा आवश्यक सामाग्रीहरू वजेट व्यवस्थापन गरी उचित खरिद विधि अपनाएर खरिद गर्ने।

विविध ५

त्रियुगा नगरपालिका ३ नं. वडा कार्यालयको चं.नं ४४९२, मिति २०८२/०३/२३ गतेको पत्रानुसार सो वडा कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटमा व्यवस्था भए वमोजिम देहाय अनुसार हुने गरी ज्यालादारीमा कर्मचारी व्यवस्थापन गर्ने:

| क्र.स. | कर्मचारीको नाम थर | पद | मासिक पारिश्रमिक | कैफियत |
|---|---|---|---|---|
| १. | मेनुका कार्की | सरसफाईकर्मी | १३००० (तेह हजार) | ३ नं वडाको वजेट सिलिङवाट पारिश्रमिक व्यवस्था गर्ने। |

[redacted]

Scanned with CamScanner